**श्री प्रमुख सचिवज्यू, श्री सचिवज्यूहरुलाई कर्णाली प्रदेश सरकारका मुख्य मन्त्रीको ६१ बुंदे निर्देशनः**

**मितिः २०७९/१०/१७ गते**

१) राज्यको स्थायी सरकार भएकोले तपाईहरुको अनुभव, योग्यता र क्षमताको पूर्णरुपमा प्रयोग गरी आफ्नो जिम्मेवारी कुशलतापूर्वक पुरा गर्न सक्षम हुनुहुन्छ भन्ने पुर्ण बिश्वास छ।

२) मैले यहाँहरुको मन्त्रालयगत प्रश्तुती सुन्दा, भौतिक र बित्तीय प्रगति हेर्दा, राजश्व आम्दानीको अवस्था देख्दा अबको हाम्रो लक्ष अनुसारको प्रगति हासिल गर्न निकै चुनौतिपूर्ण देखेको छु। यी चुनौतीहरूलाई सामना गरीआगामी दिनमा यस क्षेत्रमा उल्लेखनीय रुपान्तरण गर्न यहाँहरूको विशेष प्रतिवध्दता र योगदानको अपेक्षा गरेकोछु।

३) चालु आर्थिक बर्षको साढे छ महिना ब्यतित भैसक्दा आन्तरिक राजश्व ७१ करोड२९ लाख अनुमान गरिएकोमा २५ करोड ५ लाखमात्र उठेको, बित्तीय खर्च १०.७७ प्रतिशत मात्र हुँदा हाम्रो भौतिक प्रगति कति भएको होला भन्ने सहजै अनुमान लगाउन सकिन्छ।यो अवधिमा हामिले के गरेर बितायौ भन्ने प्रश्न चिन्ह खडा भएको छ।

४) आर्थिक वर्षको आधाआधी भइसक्दा जम्मा पूँजीगतखर्च १०.७७ प्रतिशत मात्र भएको छ। विकास खर्च हुन नसक्नाका कारण के के हुन् ?यसको लागि जिम्मेवार कोहुने हो? यसको कारण खोजी गरी निराकरण अब पनि नगरे कहिले गर्ने ?नीतिगत तहमा समस्या भए तथ्यमा आधारित सुधारका प्रस्ताव ल्याउनुहोस्, कार्यगत तहमा समस्या भए यहाँहरुले द्रुत गतिमाकार्य सम्पादन गरी यी प्रश्नहरू नउठ्ने वातावरण मिलाउनु होस्।

५) ठूला नीतिगत र दीर्घकालीन विषयहरुभन्दा पनि तत्कालिन नागरिकका दैनिक आवश्यकताका सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र आयोजना संचालनका विषयहरुमा केन्द्रित हुन बिशेष अनुरोध गर्दछु।

६) कार्यान्वयनमा देखिएका कमजोरी अब अरुलाई पन्छ्याएर उम्किन मिल्दैन। एकातर्फ लक्ष्यअनुसार राजस्व नउठ्ने, पूँजीगत खर्च नहुने, अर्कोतर्फ भएको खर्च पनि बेरुजु पर्ने र फछ्र्यौट नहुने भनेको वित्तीय प्रशासनको पूरा चक्र नै समस्याग्रस्त हुने देखियो। यस्तो हुन नदिन यसमा संवेदनशील हुन जरुरी छ।

७) ठूला आयोजनामा विनियोजन भएको बजेट, हालसम्मको खर्च तथा भौतिक प्रगति र बिकास आयोजनामा निर्माणको गति तीव्र गर्ने उपायहरु सहितको कार्ययोजना तत्काल तयार गरी कार्यान्वयन गर्नुहोस्।

८) विकास आयोजनामा चालु आ.व.मा विनियोजन गरेको रकम खर्च हुन नसक्ने भए बचत हुने रकम अन्यत्र बजेट नपुग भएका संचालित र खर्च गर्न सक्ने परियोजनाहरुमा सार्नु पर्ने भएमा परियोजनाको बिबरण तयार गरी पेश गर्नु होला।

९) संघीयता लागू भएपछि जनताले घरदैलोमा सहज सेवा पाउने छन्, विकास निर्माणमा स्थानीय जनताको सहभागिता हुनेछ, विकासका योजना वस्तुपरक बन्ने छन्,गुणस्तरीय विकास निर्माण भई जनताले विकासको फल छिटो प्राप्त गर्नेछन् भन्ने अपेक्षा गरिएको थियो। तर हाम्रो कार्यसम्पादन



(राज कुमार शर्मा)

कर्णाली प्रदेश सरकार

सन्तोषजनक भएन भन्ने गुनासो भने कम भएन। यी गुनासो संवोधन गर्ने जिम्मेवारी यहाहरुको समेत रहेकोले जनगुनासो नआउने गरी कार्य गर्नु होला।

१०) आर्थिक बर्षको आधा भन्दा बढी समय ब्यतित भैसक्दा कार्यबिधि नै नबन्नु ,योजनाको सर्भेक्षण, लागत अनुमान तयार नहुनुबाट बाँकी महिनामा काम हुन्छ भनेर भन्न कठिन छ , यसर्थ कार्यबिधि निर्माण, योजनाको सर्भेक्षण, लागत अनुमान गरी तत्काल संझौता सम्पन्न गर्न मातहत निकायलाई निर्देशन गर्नुहोस्।

११) लक्ष्यअनुसार राजस्व असुली र विकासका काम गर्न नसक्ने पदाधिकारीहरुको कामलाई कार्यसम्पादन मूल्यांकनसँग जोडिने व्यवस्था पनि मिलाउनुहोस् र समयमै गुणस्तरीय कार्य सम्पादन गर्ने पदाधिकारीलाई पुरस्कृत गर्नको लागि सिफारिस गर्नुहोस्।

१२) जनतालाई आधारभूत सेवा दिने प्रदेशका जिल्ला स्तरीय कार्यालयमा जनशक्तिको अभाव भई जनता सेवाबाट वञ्चित हुने अहिलेको अवस्थाको अन्त्य गर्नुपर्छ। प्रदेश तहमा करीव एकतिहाई कर्मचारीको दरबन्दी रिक्त रहेकाले जनशक्ति अभाव भई सेवाप्रवाह र विकास निर्माणमा असर परेको हुँदा तत्काल नीतिगत तहका कर्मचारी व्यवस्थाको लागि जनशक्ति आपूर्ति गर्न यस मन्त्रालय मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रधानमन्त्रीको कार्यालयमा लेखी पठाउनु होला।

१३) प्रदेशको रिक्त दरबन्दीमा प्रदेश लोक सेवा आयोगमा माग गरी समयमा नै पद पूर्ति हुने अवस्था कायम गर्ने र रिक्त प्राबिधिक पदमा प्रदेश लोक सेवा आयोगको सहमति लिई करार सेवा कार्यबिधिको आधारमा पदपूर्ति गर्न ढिलासुस्ती नगरी भोली देखि नै प्रकृया शुरु गर्नुहोला।

१४) प्रदेश अन्तरगतका निकाय मन्त्रालय, आयोग, परिषद्, निर्देशनालय र जिल्ला स्तरीय कार्यालयहरुको बैज्ञानिक संगठन तथा ब्यबस्थापन सर्भेक्षण गरी दरबन्दी पुनराबलोकनको काम तत्काल शुरु गर्नु होला।

१५) मुख्यमन्त्री कार्यालयमा प्रदेश निजामती सेवा ऐनको मस्यौदा तयार गर्ने समिति बनिसकेको छ, सो समितिलाई क्रीयाशिल तुल्याई चालु प्रदेश सभाको बैठकमै निजामति सेवा विधेयक प्रश्तुत गर्न प्रस्ताव तयार गर्नुहोस्।

१६) सेवा प्रवाहलाई सहज, सुलभ, सरल र छिटोछरितो बनाउने तथा विकास निर्माणका कामलाई तीव्रता दिने काममा नीतिगत, संस्थागत वा प्रक्रिया, प्रवृत्ति वा व्यवस्थापनमा के मा समस्या हो पहिचान गरेर सेवा प्रवाहलाई सहज र विकासको गतिलाई तीब्र बनाउन नयाँ कानुन बनाउने वा कार्यकारी आदेश वा कानुन संशोधन अथवा प्रकृयामा सुधार वा प्रवृत्तिमा सुधारका लागि तत्काल काम थाल्नुहोस्। नीतिगत समस्या समाधानगरेर नतिजामुखी कार्यसम्पादनगर्न कार्यतालिका बनाएर कार्य सम्पादन सूचकसहित नतिजामुखी कार्य फछ्यौंट गर्नुहोस्।

१७) शिक्षा, यातायातमा सवारी दर्ता नबिकरण, सवारी चालक अनुमतिपत्र जारी, सरकारी अस्पतालमा विरामीको उपचार जस्ता आधारभूत सेवा, मालपोत करदस्तुर बुझाउने, उध्योग दर्ता नविकरण

२०७५।१०।१८

(राज कुमार शर्मा)
मुख्यमन्त्री



कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

तथा बिपद र द्वन्द्वपिडित राहत जस्ता सेवा लिन नागरिकले बेहोरेका सास्ती हटाउने काम तत्काल प्राथमिकतामा राख्नुहोस्।

१८) गुणस्तरीय, रोजगारमूलक, जीवनोपयोगी शिक्षाको अपरिहार्यतालाई मनन गरी प्रदेशमा रहेका शैक्षिक संस्थाहरुको गुणस्तर बृद्धिका लागि आवश्यक प्रबन्ध गरी सबैलाई अनिवार्य गुणस्तरीय शिक्षाको प्रत्याभूतिको आवश्यक प्रबन्ध गर्नु गराउनु होला।

१९) भ्रष्टाचार हुने सम्भावित निकायहरु र त्यस्ता व्यक्तिहरुको बारेमा निगरानी राख्नोस्, मातहत कार्यालयमा भएका अनियमितताप्रति जिम्मेवार बन्नुहोस्। डिजिटल सेवा, फेसलेस सेवा, बिचौलिया हटाउने, गुनासो सुन्ने र फर्छ्योट गर्ने व्यवस्था, जनताको बढी भीड हुने निकायहरुमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र राख्नुहोस्।

२०) कोभिड १९ को संक्रमण पुनः फैलिन नदिन आवश्यक निरोधात्मक र प्रवर्धनात्मक कार्यहरुमा सजगता अपनाउनु होस्। बुष्टर डोज खोपको लागि कोरोनाको भ्याक्सिनको तत्काल प्रबन्ध सामाजिक बिकास मन्त्रालयले गर्नुहोस्।

२१) चिसो मौसमका कारण तराईमा शीतलहर र हिमाली क्षेत्रमा हिमपात र लगत्तै आउने गर्मी मौसममा हुने आगलागी तथा बर्षा याममा जनजीवनमा पर्ने असरलाई ध्यानमा राखी उध्दार राहत तथा पुनर्स्थापनाका लागि आवश्यक प्रवन्ध मिलाउनुहोस्।

२२) दैनिक उपभोग्य वस्तुको आपूर्तिमा कमी आउन नदिन उपभोग्य वस्तुहरुको गुणस्तर सुनिश्चित गर्न र नाफाखोरी, कालोबजारी, कृत्रिम अभाव सिर्जना हुने जस्ता कुराहरु अन्त गर्न सम्वन्धित मन्त्रालयहरुले नियमित रुपमा बजार अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाई उपभोक्ताको हित हुने कार्यलाई प्राथमिकता दिनुहोस्।

२३) कार्यालय समयमा, कार्यालयको काम छोडेर अनावश्यक सभा सम्मेलन, गोष्ठी, सेमिनारमा प्रशिक्षण दिने जस्ता काममा जान बन्द गर्नुहोस्। सहभागी नभई नहुने मन्त्रालयको प्राथमिकताको कार्यक्रममा मन्त्रालयको सम्वन्धित विषयको एक जनामात्र सहभागी हुने, मन्त्रालयको आधिकारिक धारणा लिएर जाने र फर्केपछि प्रतिवेदन लिने/दिने व्यवस्था मिलाउने, सो को मासिक प्रतिबेदन मुख्यमन्त्री कार्यालयमा पठाउनुहोस्।

२४) कार्यालयको समय पालना र कर्मचारी उपस्थिति, सेवाप्रवाह र सेवाग्राहीप्रतिको व्यवहार लगायतका कार्यालय संचालन र व्यवस्थापनको अनुगमन र निरीक्षण गर्ने, गल्ती गर्नेलाई तुरन्त कारबाही गर्नुहोस्।

२५) आवश्यकता अनुसार म आफै पनि अनुगमनमा जान कार्यतालिका बनाउने तयारी गरेको छु। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नियमित अनुगमन हुन्छ। तपाईहरुले पनि आफ्नो मन्त्रालय र मातहत निकायको निरीक्षण अनुगमन गरी काम चुस्तदुरुस्त तरिकाले सम्पादन गराउनु होला। समयमा कार्य सम्पादन नगरी लापरवाही गर्नेलाई कानून बमोजिम कारबाहीको दायरामा ल्याईनेछ। हरेक मन्त्रालयले आफ्नोनिरीक्षण अनुगमन बिधि र कार्ययोजना बनाई सो

२०७८।१०।१८
(राज कुमार शर्मा)
मुख्यमन्त्री

कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसार भए गरेका कामको डिजाइन ईष्टिमेट अनुसार अनुगमन गरी कामको गुणस्तर कायम गर्नु होला । कामको नतिजा हेरी दण्ड र पुरस्कारको नीति लिईनेछ।

२६) प्रदेश सभामा पेश भै पारित हुन बाँकी निष्कृय बिधेयकहरु फिर्ता लिई थप छलफल गरी केही संसोधन गर्नु पर्ने भए गरी छिटो छरितो ढंगबाट प्रदेश सभामा पठाउनको लागि प्रस्ताब तयार गरी पठाउनु होला।

२७) प्रदेश सभाका लागि मन्त्रालयले निर्माण गरेका र निर्माण गर्नु पर्ने ऐन, नियम, कार्यबिधि, निर्देशिका र गठन आदेशको बिबरण तयार गरी ७ दिन भित्र पठाउने र निर्माण गर्न बाँकी ऐन, नियम, कार्यबिधि, निर्देशिकाहरुको खाका तयार गरी १५ दिन भित्रै पेश गर्नु होला।

२८) कर्मचारीको अभाव भएको निर्माण तथा परामर्श सम्बन्धी कामहरुमा सम्बन्धित बिषयबिज्ञ राखेर भएपनि समय मै काम सम्पन्न गर्न सकिन्छ। मन्त्रालयको प्रगति हेर्दा ठेक्का लगाएको तर त्यसको निरन्तर सुपरीबेक्षण गरेको देखिएन। सबैकामको सुपरिबेक्षण समयमा नहुँदा परिणाम राम्रो नआउने भएकोलेसुपरीबेक्षणलाई प्राथमिकता दिनुहोला। कर्मचारी नभएको बहानामा जनताको काम रोक्न नमिल्ने कुरालाई ध्यानमा राखी भैरहेकाकर्मचारीहरुबाट अधिकतम उपलब्धी लिने गरी जिम्मेवारी दिई काममा खटाउनुहोला।

२९) आगामी बर्षमा लिने नीति, योजना, कार्यक्रमको सम्बन्धमा पूर्वतयारी गर्नु होस्, अन्तर मन्त्रालय समन्वय र निजी क्षेत्रको समेत राय बुझी योजना तर्जुमा गर्दा खल्तीबाट योजना दिने परिपाटीको अन्त्य गर्न स्थानीय सरकार र संस्थागत सिफारीसलाई प्राथमिकता दिने ब्यवस्था मिलाईने छ।

३०) प्रदेश सभाका माननीय सदस्य, माननीय मन्त्री, प्रदेश सचिव तथा कर्मचारीहरुको सरकारी आवासगृह निर्माण गर्नयस बर्षमा उपयुक्त स्थान र जग्गाको खोजी गरी योजना बनाइ आगामी बर्ष कार्यान्वयनमा लैजाने गरी कार्ययोजना तयार गर्नु होस्।

३१) सार्वजनिक खरिद ऐन तथा नियमावली लगायत आयोजना कार्यान्वयनमा रहेका समस्याहरुलाई पहिचान गरी संघ सरकार समक्ष प्रस्तुत गर्नु पर्ने बिषयहरुलाइ ७ दिन भित्रै तयार गरी पेश गर्नु होला।

३२) संघ सरकार समक्ष प्रस्तुत गर्नु पर्ने संघ, प्रदेश र स्थानीय तह बीचमा रहेका समन्वय तथा सहकार्य सम्बन्धी मूलभूत समस्याका विषयहरु ७ दिन भित्र तयार गरी पेश गर्नु होला।

३३) प्रदेश सरकारबाट हाल सम्म वितरण गरिएका अनुदानहरुको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदनपेश गर्ने र अनुदान दुरुपयोग भएको भए आवश्यक कारवाहीको लागि लेखि पठाउनु होला।

३४) स्थानीय तहहरुलाई बजेट बिनियोजन तथा अनुदान बितरण गर्दा कार्य सम्पादन प्रगति अवस्थालाई आधार बनाउन उपयुक्त हुने हुंनाले स्थानीय तहलाई उपलब्ध गराउने अनुदानलाइ कार्य सम्पादनमा आवध्द गर्ने बिधिको व्यवस्था मिलाई सोही आधारमा बजेट बिनियोजन तथा अनुदान बितरण हुने व्यवस्था गर्नुहोला।

कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०७३।१०।१६
(राज कुमार शर्मा)
मुख्यमन्त्री

३५) निजी क्षेत्रले लगानी गर्न सक्ने वा सार्वजनिक निजी साझेदारीका उपयुक्त आयोजनाहरुको पहिचान गरीपरियोजना बैंक बनाइ साझेदारी लगानीका लागि आवश्यक अध्ययन गर्नूहोला।

३६) हिमाली जिल्लाहरु हुम्ला, मुगु र डोल्पामा सुर्खेत जिल्लाबाटै नियमित हवाइ उडान हुने व्यवस्था कायम गर्न उपयुक्त प्रणाली वा योजना बनाई तत्काल कार्यान्वयनमा ल्याउन सकिने गरी प्रकृया शुरु गर्नुहोला।

३७) सबै मन्त्रालयहरुले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली बनाइ कार्यान्वयनमा ल्याउनुहोला।

३८) प्रदेशका सबै निकायहरुमा ड्रेस कोड, कार्यालय सेवा प्रवाह प्रणाली, समय परिपालना, डिजिटल हाजिरी लगायतकाबिषयलाई कडाईका साथ कार्यान्वयन गर्ने गराउनुहोला।

३९) प्रदेशको सबै सम्पत्तीको अभिलेख चुस्तदुरुस्त राखी संरक्षण तथा सम्बर्धन गर्ने काम गर्नुहोला।

४०) प्रदेशका निकायहरुले कर्णाली प्रदेशमा उत्पादन तथा निर्माण भएका सामान सामाग्रीहरुलाइ प्रयोगमाल्याउने कुरामा जोड दिनुहोला।

४१) गरिबी निवारण तथा रोजगारी सिर्जना गर्ने प्रकृतिका सम्भावित तुलनात्मक लाभका क्षेत्रहरुकाउपयुक्त कार्यक्रमहरु पहिचान गरी कार्यान्वयनमाप्रभावकारीता ल्याउने कार्य अगाडि बढाउनु होला।

४२) कर्णाली प्रदेशको लागि रुपान्तरणकारी हुन सक्ने योजनाहरुको विकास गरी रणनीतिक योजना तथाआयोजनाहरुको बैंक बनाई कार्यान्वयनमा ल्याउनु होला।

४३) सार्वजनिक सेवा प्रवाह, सार्वजनिक विकास निर्माण, विकास साझेदारहरुको परिचालन तथा निजी क्षेत्रसंगको सहकार्य सबै क्षेत्रमा प्रदेशबाट सुशासन कायम गराउन आवश्यक कार्य गर्नु गराउनु होला। कर्णाली प्रदेशमा निजी क्षेत्रको लगानी आकर्षण गर्न सकिने परियोजनाको पहिचान गरी योजना तयार गर्नु होला।

४४) प्रदेशको यस आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम कृयाकलापहरुको हाल सम्मको कार्यान्वयन अवस्थालाई सुक्ष्म रुपमा समिक्षा गरी कार्यान्वयन गर्न बाँकी रहेका कार्यक्रम तथा कृयाकलापहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी कार्य सम्पादन गर्नु होला।

४५) प्रदेशको यस आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम तथा क्रियाकलापहरुलाइ कार्यान्वयन गर्नआवश्यक पर्ने कार्यविधि तत्काल बनाउने र कुनै निर्णय आवश्यक पर्ने भए तत्काल निर्णय गराई तदारुकताको साथमा कार्यान्वयन गराउनु होला।

४६) प्रदेशको पञ्चवर्षिय योजना तथा यस आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम एवम् कृयाकलापहरुलाई कार्यान्वयन गर्ने क्रममा कुनै समस्याहरु रहेको भए तत्काल छलफलमा ल्याई उपयुक्त उपाय अवलम्वन गर्नुहोला।

४७) अति आवश्यक र प्रदेशको यस आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम तथा क्रियाकलापहरुको कार्यान्वयनका लागि संचालन हुने बाहेकका कार्यक्रमहरुमा सहभागिता हुने कार्यलाई निरुत्साहित गर्नु होला।

२०७५।१०।१८

(राज कुमार शर्मा)
मुख्यमन्त्री

कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

४८) ठेक्का लागेका सबै आयोजनाहरुको प्रभावकारी अनुगमन गरी समय तालिका अनुसार प्रगति विवरणलिइ ठेक्का कार्यान्वयन गर्ने गराउनु होला। कुनै समस्या नभईकन नै काममा ढिलाइ भएका ठेक्कामा कारवाहीप्रकृया तत्काल अगाडी बढाउनु होला।

४९) कर्णाली उज्यालो कार्यक्रम, बैकल्पिक उर्जा प्रबर्धन कार्यक्रम, एकिकृत बस्ती बिकास कार्यक्रम, प्रदेश रंगशालार प्रदेश गौरबका योजनाहरु लगायतका कार्यक्रमको प्रगति अवस्था मूल्यांकन गरी यस आर्थिक वर्षमा गर्नु पर्ने कामहरु तत्काल कार्यान्वयन गराउनु होला।

५०) विकास योजना तथा कार्यक्रमहरुको गुणस्तरियता कायम गराउन प्रभावकारी र नियमित अनुगमन तथा मूल्यांकनको कार्य गर्ने काममा जोड दिनु होला।

५१) कर्णाली प्रदेश अस्पताललाई बिशेषज्ञ अस्पतालको रुपमा स्थापित गर्ने र जिल्ला स्तरमा रहेका अस्पतालको विकासका लागि ठोस कार्यक्रम बनाई पेश गर्नु होला।

५२) राजश्वका आधार र दायरा पहिचान गरी प्रदेशको राजश्व बृध्दिका लागि प्रभावकारी राजश्व सुधार योजनाल्याइ कार्यान्वयन गर्नु होला।

५३) प्रदेश सरकारलाई अनावश्यक भार पर्ने र चालु खर्च बृध्दि गर्ने प्रकृतिका संरचनाहरु थप तथा नियुक्तीनगर्नुहोला। हाल रहेको संरचना तथा जनशक्तीलाइ अधिकतम परिचालन गर्ने रणनीति बनाइ काम गर्नुहोला।

५४) प्रदेश सरकारको चालु खर्चलाई न्युनीकरण गर्ने र पूँजीगत बजेटलाइ बृद्धि गरी प्रभावकारी योजना बनाई कार्यान्वयन गर्नुहोला।

५५) प्रदेश सरकारका मन्त्रालयहरुलाई एकै स्थानमा निर्माण गरी प्रदेशको मुख्य प्रशासनिक केन्द्रको निर्माण कार्यलाई तत्काल कार्यान्वयनमा लैजानुहोला।

५६) सबै मन्त्रालयको बेरुजु फछ्र्यौटका लागि लक्ष्य तोकी कार्ययोजना बनाई बेरुजु सुन्य पार्ने गरी काम गर्ने र मासिक रुपमा प्रगति समिक्षा गरी नियमित प्रतिबेदन गर्नुहोला।

५७) नेपालगन्जमा रहेका कर्णाली प्रदेशका कार्यालयहरु यथासिघ्र कर्णाली प्रदेश भित्र ल्याउनुहोला।

५८) कर्णाली प्रदेश भित्रका डिपिआर भएका योजनाहरुको लगत तयार गरी पेश गर्नु होला।

५९) हामीले **"समृध्द कर्णाली; सुखारी कर्णालीबासी"** को दीर्घकालीन सोच लिएर **"कर्णाली समृध्दि अभियान"**को वाचा गरेर आएका छौ। यसको खाका बन्दैछ। हरेक मन्त्रालयलेयसको खाकालाई आन्तरिकीरण गरी कार्यान्वयन योजना बनाउनु होला।

६०) यी माथिका निर्देशनात्मक बुंदाहरुहरुको सम्बद्ध मन्त्रालयहरुले प्रभावकारी कार्यान्वयनको ब्यबस्था मिलाई प्रत्येक हप्ता बस्ने सचिबको बैठकमा प्रगतिको समिक्षा गर्ने र सो को प्रतिबेदन नियमित रुपमा मुख्यमन्त्री समक्ष पेश गर्न निर्देशन गरेको छु।

६१) तपाईका कुनै पीरमर्का वा गुनासा भए मुख्यमन्त्री समक्ष सिधै राख्नुहोला। कसैको डर, धाक, दवाव, प्रभाव वा मोलाहिजामा नपरी दिएको जिम्मेवारीलाई इमान्दारी, निष्ठा तथा कुशलतापूर्वक निभाई सफलता हासिल गर्ने गराउने कुरामा विश्वास लिंदै सबैलाई धन्यबाद दिन चाहन्छु।

२०७५/१०/१६

(राज कुमार शर्मा)
मुख्यमन्त्री

कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल